अन्तर्राष्ट्रिय फौजदारी अदालतका प्रतिनिधि काठमाडौंमा

# रोम विधानमा शीघ्र हस्ताक्षरको आग्रह

● नेपाल समाचारपत्र

काठमाडौं

अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि एसिया स्तरको एक उच्च प्रतिनिधिमण्डलले रोम विधानमा सक्दो चाँडो हस्ताक्षर गर्न सरकारलाई आग्रह गरेको छ।

नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डलले आइतबार साँझ राजधानीमा एक पत्रकार सम्मेलनको आयोजना गरी भन्यो- 'यो विधानमा हस्ताक्षर भएपछिका घटनालाई लिएर मात्रै अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्न सक्ने हुँदा यसअघिका अपराधलाई लिएर कोही पनि आत्तिनु पर्दैन।'

प्रतिनिधिमण्डलले अर्को यो विधानमा अनुमोदन नगर्ने कुरा कसैले गर्छ भने उसले अर्को मानव संहार गर्न चाहेको स्पष्ट हुनेसमेत बतायो। प्रतिनिधिमण्डलले नेपालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री केपी शर्मा ओली, सभामुख सुवास नेम्वाङ, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एमाले महासचिव माधव नेपाललगायतसँग भेटिसकेको छ।

प्रधानमन्त्रीले भेटघाटका क्रममा आफू उक्त विधानमा हस्ताक्षर गर्न तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। उपप्रधानमन्त्री ओलीले चाहिँ सैनिक ऐन पूरा भएपछि रोम विधानको प्रक्रिया अघि बढ्ने बताउनुभएको प्रतिनिधिमण्डलले जानकारी गरायो।

प्रतिनिधिमण्डलमा डा. अहमद जियाउद्दिन, इभेलिन बलेहस सेरानो, निजा कन्सेप्कियन, डा. नाजरुल इस्लाम, काथेरिन अबिलिन सम्मिलित छन् भने प्रतिनिधिमण्डलको संयोजन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रमुख सुबोध प्याकुरेलले गर्नुभएको छ।

अहिले नयाँ संविधानसमेत ल्याउने प्रक्रिया चलिरहेकाले तत्काल रोम विधान हस्ताक्षरको आवश्यकता रहेको प्रतिनिधिमण्डलले बतायो।

## मार्टिन आइपुगे

*काठमाडौं, (नेस)*

*नेपालको शान्तिप्रक्रियाका लागि संयुक्त राष्ट्रसंघमा महासचिव कोफी अन्नानका निजी प्रतिनिधि तोकिएका इयान मार्टिन आइतबार काठमाडौं आइपुग्नुभएको छ। उहाँले सोमबारदेखि आफ्नो काम थाल्नुहुने राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी उच्चायोगको नेपालस्थित कार्यालयका प्रवक्ता किरण डुयरले नेपाल समाचारपत्रलाई बताउनुभयो। मार्टिनले सबै पक्षसँग परामर्श गरेर काम शुरू गर्नुहुने बुझिएको छ।*

NEPAL SAMACHARPATRA DAILY, 28 August 2006 (Nepali)

NEPAL SAMACHARPATRA DAILY (NEPALI)
28 August 2006